# राहदानी दस्तुर अनलाईन भुक्तानी गर्ने तरिका

Passport Revenue Online payment

सेवाग्राहीहरूको सहजताका लागि राहदानीको अनलाईन आवेदन (Pre-enrollment) भरीसके पश्चात अनलाईनबाटै राहदानी शूल्क भुक्तानी गर्ने व्यवस्था मिलाईएको छ । अनलाईन भुक्तानीका लागि निम्नानुसार गर्नुपर्नेछः

1. https://emrtds.nepalpassport.gov.np/ मा अनलाईन आवेदन (Pre-enrollment) को अन्त्यमा **save** मा क्लिक गरिसकेपछि एउटा Reference Id (Bar Code) सहितको मेसेज बक्स आउँछ ।
2. अनलाईन भुक्तानी गर्नका लागि दिइएको Reference Id (Bar Code) लाई कपि गरी **To proceed with your payment click here** लाई छान्ने । (नगद भुक्तानी गर्ने हो भने **finish** लाई छानी आवेदन फारमलाई डाउनलोड/प्रिन्ट गर्ने ।)




3. अनलाईन भुक्तानी **To proceed with your payment click here** छानिएको अवस्थामा अर्को पेज खुल्छ जहाँ भुक्तानी प्रक्रिया सुरू गर्न सकिन्छ ।
4. उक्त पेजमा Reference Id (Bar Code) मागिएको स्थानमा गई पेस्ट गर्ने ।
5. **I accept the Terms and Conditions** लाई ठिक ☑ लगाउने ।
6. **Get Details** लाई छान्ने ।




7. त्यसपछि आवेदककको संक्षिप्त विवरण आउँछ (नाम, जन्ममिति, राहदानीको पृष्ठ संख्या, इन्रोलमेन्ट सेन्टर) जुन यदि सहि छ भने **Create New Voucher** लाई छान्ने ।




8. राजस्व रकम सहितको विवरण आएपछि यदि सहि छ भने **Next Step** गर्ने यदि ठीक छैन भने Go back गर्ने ।




9. त्यसपछि अंक उल्लेखित **Request Code** आउँछ (यो नम्बरलाई टिपेर राख्न सकिन्छ ।) त्यहाँ **Voucher List** लाई छान्ने ।




10. **Continue to Checkout** गर्ने ।




11. रकम भुक्तानी गर्ने विकल्पमा **eSewa** वा **connectIPS** मध्ये एउटा रोजी **रकम भुक्तानी गर्नुहोस्** मा जाने ।




12. भुक्तानी सफल भएपछि **Print Bill** मा गई भौचर डाउनलोड गरी प्रिन्ट गर्ने ।
13. **connectIPS** छानिएको अवस्थामा Scan & Pay सुविधा अन्तर्गत तोकिएको बैंकहरूको मोबाईल बैंकिङ एपबाट पनि भुक्तानी गर्न सकिनेछ ।




नोटः अनलाईन आवेदन फारमको लागि पुरानो पेजबाट **finish** मा क्लिक गरी फारम **download** गर्नुपर्नेछ ।

**Pre-enrollment भईसके पछि तुरून्त भुक्तानी नगरी केहि समय पछि भुक्तानी गर्नका लागि निम्नानुसार गर्नुपर्नेछः**

- राहदानी विभागको वेभसाईट https://nepalpassport.gov.np/ मा **Online Payment >>Read more** मा जाने ।




- Reference Id (Bar Code) राख्ने स्थानमा आफ्नो Pre-enrollment फारमको मुनि वा छेउमा रहेको Reference Id (Bar Code) टाईप गर्ने ।
- यसपछि माथि उल्लेखित बुँदा नं ४ हुँदै अगाडी बढ्ने ।

**<u>अन्य आवश्यक जानकारीः</u>**

-> भुक्तानी भई सकेपछि कारोबार पूरा भए/नभएको थाहा पाउन बुँदा नं १० को **No update of order status after successful payment** लाई छान्ने ।

-> अनलाईनमा भुक्तानी गरेको कारोबार पूरा हुन कहिलेकाहि ३० मिनेटसम्म लाग्न सक्ने भएको हुँदा कारोबार पूरा भएको वा असफल भएको जानकारी नआएसम्म पुनः भुक्तानीको प्रक्रिया सुरू नगर्नुहोला ।

-> राहदानी आवेदन गर्न आउँदा अन्य कागजातका अतिरिक्त Pre-enrollment गरेको अनलाईन फारम र भौचर साथमा ल्याउनुपर्नेछ ।